

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २९ गते आइतबार ❑ 12 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## लेखनाथदेखि पोखरासम्म अब बिजुलीको लाइन अन्डरग्राउन्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

गण्डकी प्रदेशलाई उज्यालो प्रदेश बनाउने अभियानमा नेपाल विद्युत प्राधिकरणले सघाउने भएको छ।



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँगको भेटमा शनिबार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उक्त प्रतिबद्धता जनाएका हुन् । मुख्यमन्त्री निवासमा भएको भेटमा गण्डकी प्रदेशमा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री हरिशरण आचार्य, प्रमुख सचिव रवीलाल पन्थ सहभागी थिए।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले अरु प्रदेशभन्दा गण्डकीमा धेरै विद्युत उत्पादन हुने भए पनि कतिपय ग्रामीण भेगमा अझै पनि विद्युतीकरण हुन नसकेको स्मरण गराए । गण्डकी प्रदेशको मादी करिडोर, मोदी करिडोर, मर्स्याङ्दी करिडोर र अन्य स्थानमा विद्युत आयोजनाहरु धमाधम बनिरहेको अवस्थामा विद्युत प्रशारण लाइन नहुँदा उल्झन सिर्जना हुन लागेको बताए। गण्डकी प्रदेशको राजधानी पोखरामा बिजुलीको लाइन अन्डरग्राउन्ड गर्न प्रदेश सरकार, प्राधिकरण र पोखरा महानगरबीच सहकार्य हुनुपर्ने उनको भनाइ थियो । ऊर्जामन्त्री आचार्यले प्रदेश सरकारले सञ्चालन गरेको उज्यालो गण्डकी अभियान, काठेपोल विस्थापन अभियानमा भएका प्रगतिका साथमा प्राधिकरणसँग प्रदेश सरकारको अपेक्षाका बारेमा बताएका छन् ।

कार्यकारी निर्देशक घिसिङले पहिलो चरणमा लेखनाथ सबस्टेसनबाट पोखरासम्म बिजुलीको लाइन अन्डरग्राउन्ड गर्ने प्रदेश सरकार र पोखरा महानगरपालिकाको सहकार्यमा सुरु गरिहाल्ने प्रतिबद्धता जनाए । पोखराको बिरौटामा अत्यधुनिक सबस्टेसन बन्न लागेको र त्यसमा सहजीकरण गरिदिन उनले प्रदेश सरकारसँग आग्रह गरेका छन् । अन्तका सबस्टेसनभन्दा फक डिजाइनमा डोमभित्र सबस्टेसन निर्माण हुने र त्यसले वरिपरिको बस्तीमा केही असर नपार्ने कार्यकारी निर्देशक घिसिङले जानकारी गराए । यो सबस्टेसन बनेपछि पोखरामा झ्यापझ्याप बिजुली जाने क्रम रोकिने समेत उनले बताए। मोदीखोलामा रहेका परियोजनाहरुबाट उत्पादित बिजुलीका लागि लाहाचोकमा सबस्टेसन बनिसकेको र त्यसको कनेक्सन लेखनाथमा भइसकेको छ। दाना, कुश्मा, बुटवल प्रशारण लाइन अन्तर्गत दानादेखि कुश्मासम्मको काम सम्पन्न भइसकेको र ग्रामीण भेगमा विद्युतीकरणका लागि सामान खरिद प्रक्रियामा केही समस्या आएको र त्यो समस्या छिटै सल्टाइने कार्यकारी निर्देशक घिसिङको भनाइ थियो । मुख्यमन्त्री पोखरेलसँग घिसिङले अब सरकारी कार्यालयहरुमा विद्युतीय गाडी प्रयोगमा जोड दिन आग्रह गरे । प्राधिकरण पोखराको लेकसाइड, टुरिस्ट बसपार्कसहित ३ ठाउँमा स्मार्ट चार्जिङ स्टेसन बनाउन लागेको भन्दै उनले स्वदेशको बिद्युत खपत बढाउन, इन्धन आयात कम गर्न र सस्तोमा गाडी चढ्ने अवस्थाका लागि विद्युतीय गाडी प्रयोगमा जोड दिएका हुन् ।

## स्थानीय सरकारमा जनताको नियन्त्रण र हस्तक्षेप सुनिश्चित गर्नुपर्दछ : अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय पालिकाहरूमा जनताको नियन्त्रण, निगरानी र हस्तक्षेप सुनिश्चित गर्नुपर्ने बताउनुभएको छ।



पार्टीको गण्डकी प्रदेश समितिले शनिबार पोखरामा आयोजना गरेको प्रदेशस्तरीय वैचारिक राजनीतिक प्रशिक्षण तथा स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिलाई अभिमुखीकरण कार्यक्रममा उहाँले विगतका क्रान्तिकारी सत्तालाई जीवन्त राख्दै जनवादी र लोकतान्त्रिकरण गर्नुपर्ने बताउनुभयो । अध्यक्ष दाहालले हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा देशभर माओवादी केन्द्रले प्रमुख जितेका पालिकाहरूलाई क्रान्तिकारी र भोलिका दिनमा समाजवादी सत्ताको भ्रुणका रूपमा विकास गर्ने उद्देश्यमा स्पष्ट हुँदै त्यसका लागि त्याग, तपस्या र मेहेनत गरेर काम गर्न निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "हामीले विजय हासिल गरेका १२१ पालिकालाई समाजवादी सत्ताका भ्रुणहरू बनाउने र पालिकाहरूमा जनताको नियन्त्रण, निगरानी र हस्तक्षेप सुनिश्चित गर्नुपर्ने खाँचो छ। म तपाईंहरूलाई भन्न चाहन्छु, पालिकामा प्रत्येक निर्णय गर्नुअघि जनताको राय बुझ्ने मेकानिजम बनाउनुहोला, के गर्न उचित हुन्छ, सुझाव लिनुहोला । जनताबाट आलोचना र सुझाव निरन्तर प्राप्त हुने र त्यसको सुनुवाइ भइरहने कार्यक्रम बनाउनुहोला।"

अध्यक्ष दाहालले निर्वाचित जनप्रतिनिधिलाई माओवादी केन्द्रले जितेको पालिकामा जनताको राय, सल्लाह लिएर निर्णय गर्ने गरेका छन् भन्ने पार्ने गरी काम गर्न निर्देशन दिनुभयो । माओवादी पार्टी आफ्नो वर्ग, जनता र राष्ट्रप्रति समर्पित शक्ति होस् भन्ने जनताले चाहेको उहाँको जिकिर छ । अध्यक्ष दाहालले पछिल्लो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा ३३ मा ल्याण्डफिल्ड साइड सार्न पूर्वाधार बनाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

पोखरा महानगरपालिकाको पहिलो कार्यपालिका बैठकबाट ल्याण्डफिल्ड साइट पोखरा ३३ मा सार्ने र त्यसका लागि आवश्यक बजेट व्यवस्थापन गर्दै पूर्वाधार तयार पार्ने निर्णय गरेको छ।

अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भइसक्दासमेत उचित व्यवस्थापन हुन नसकेर समस्याको रुपमा रहेको ल्याण्डफिल्ड साइटलाई महानगरले प्राथमिकतमा राखेर सो निर्णय गरेको पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत बलराम रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकले पोखरामा एक वर्षभित्रमा विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माण गर्ने र यसरी निर्माण गर्ने अवधिसम्मका लागि बैंक, होटल, विभिन्न सङ्घ सस्था र रेष्टुराँका शौचालय सर्वसाधारण नागरिकका लागि प्रयोग गर्न दुईपक्षीय सम्झौता गर्ने निर्णय भएको छ। यसैगरी पोखरा महानगरपालिकाले तत्काल आपत्कालीन सेवा सञ्चानमा ल्याउने भएको छ । सडकमा रहेका खाल्डाखुल्डी पुर्ने, आगलागी तथा विभिन्न घटनामा तत्काल जनशक्ति परिचालन गर्ने गरी पूर्वाधार महाशाखाको क्षमता विकास गर्ने र कर्मचारीसमेत भर्ना गरेर सेवामा प्रभावकारिता ल्याउने कार्यपालिका बैठकले निर्णय गरेको छ। बैठकले छाडा चौपाया सडकबाट हटाउने र ढल तथा नाला सफाइ अभियान चलाएर व्यवहारिक रुपमा आपत्कालीन सेवा तत्काल गर्ने निर्णय भएको छ। पोखराका खाल्डाखुल्डी पुर्नसमेत तत्काल जनशक्ति परिचालन गरिने भएको छ । त्यसैगरी महानगरले तालचोक-बेगनास सडकको निर्माणको ठेक्का बोलपत्र स्वीकृत गरेको रिजालले जानकारी दिनुभयो। त्यस्तै झण्डै तीन किलोमिटरको चार लेन सडक निर्माणका लागि विश्व बैंकले सहयोग गर्ने भएको छ।

## निर्वाचन आयोग ई-भोटिङ्को तयारीमा : आयुक्त पौडैल

**प्रकाश डोटेल**
**स्याङ्जा, २८ जेठ**

निर्वाचन आयोगका आयुक्त इश्वरीप्रसाद पौडेलले निर्वाचन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै आयोग ई-भोटिङको तयारीमा लागेको बताएका छन् । उनले आयोगलाई संस्थागत सुदृढीकरण गर्दै प्रविधिमा आधारित प्रणाली उपयोग गर्न लागिएको बताए।



जिल्ला निर्वाचन कार्यालय स्याङ्जाको नवर्निमित भवनको शनिबार शिलन्यास गर्दै उनले आयोगले प्रविधिलाई आत्मसाथ गर्दै अगाडी बढेको दाबी गरे । उनले प्रविधिको समुचित उपयोगमा आयोग रणनीतिक योजना बनाउन लागिरहेको समेत जानकारी दिए । भवन शिलन्यासका अवसरमा उनले आयोगको तेस्रो पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत निर्वाचन कार्यालय निर्माणका अभियानलाई अगाडी बढाउँदै लैजाने योजना रहेको सुनाए। आयोगले २०७६ देखि ०८१ सम्मको अवधिलाई पञ्चवर्षिय योजना बनाएर काम गर्दै आएको जानकारी दिए । देशभरका ७७ जिल्लामध्ये १९ जिल्लामा मात्रै निर्वाचनको कार्यालय रहेको उनले बताए । एक जिल्लामा निर्माणाधीन अवस्थामा र अन्य ९ वटा कार्यालय सरकारी भवनमा रहेर काम गर्दै आएको आयुक्त पौडेलले जानकारी दिए। उनका अनुसार अब १० वटा कार्यालय बन्ने तयारीमा रहेको छ।

शिलन्यास गरिएको भवन एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी बि.एम. वील्डर्स एण्ड सियोन एडभेन्चर कन्स्ट्रक्सनले निर्माणको जिम्मा लिएको छ । २ करोड ३ लाखको लागतमा जिल्ला सदरमुकाम पुतलीबजार नगरपालिका १ मा भवन निर्माण हुनेछ।

एक रोपनी ३ आना क्षेत्रफलमा फैलिने भवन साढे २ तलाको १५ कोठे र ६ वटा शौचालय निर्माण गर्ने निर्माणकर्ता कम्पनीले जानकारी दिएको छ । २०६१ सालमा स्थापित निर्वाचन कार्यालय स्याङ्जाले भाडामा बस्दै आएको घरबाट सेवा प्रवाह गर्दै आएको छ।

## पोखरामा भ्रष्टाचारविरुद्ध कार्टुन 'निसाना' प्रदर्शनी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**

कार्टुनिष्ट क्लब अफ नेपालको आयोजना एवं सेन्टर फर मिडिया रिसर्च नेपालको सहयोगमा महेन्द्रपुलस्थित पोखरा आर्ट ग्यालरीमा आजदेखि तीनदिने भ्रष्टाचारविरुद्ध कार्टुन 'निसाना' प्रदर्शनी सुरु भएको छ।

भ्रष्टाचारविरुद्धमा सचेतना अभिवृद्धि बढाउने उद्देश्यका साथ आयोजित प्रदर्शनीमा ३६ जना कलाकारका ५० वटा कलाकृति प्रदर्शनमा राखिएको क्लबका उपाध्यक्ष देवेन्द्र थुम्केलीले जानकारी दिनुभयो। प्रदर्शनीको एक कार्यक्रमकाबीच आज नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले उद्घाटन गर्नुभयो।

कार्यक्रममा पूर्वकुलपति सरुभक्तले समाजको रुपान्तरणमा कला तथा साहित्यका हरेक क्षेत्रबाट योगदान पुगिरहेको बताउनुभयो। ललितकला तथा साहित्य क्षेत्रका सबै कलाकर्मीहरूबीच समन्वय र एकता आवश्यक रहेको उहाँले बताउनुभयो।

कार्टुनिष्ट क्लब अफ नेपालका अध्यक्ष वासु क्षितिजले प्रदर्शनीका माध्यमबाट भ्रष्टाचारविरुद्ध सचेतना जगाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका महासचिव रोशन पुरी, क्लबका पूर्वअध्यक्ष अविन श्रेष्ठलगायतले भ्रष्टाचारविरुद्धको सचेतनामा प्रदर्शनी बहुउपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो।


**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

**औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।**

**यसबाट बच्न,**
- ◆झुल लगाएर सुत्ने,
- ◆पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- ◆शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- ◆घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- ◆घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ◆ढल, नाला खुल्ला नराख्ने,
- ◆पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- ◆सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- ◆मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा स्पोटर्स अवार्डको तयारी स्वरुप भेला आयोजना

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

छैटौं संस्करणको 'पोखरा स्पोटर्स'अवार्ड २०७८' को तयारी सुरु भएको छ। आगामी असार १८ गते शनिबार हुने तय भएको अवार्ड कार्यक्रमको तयारी स्वरुप शनिबार आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीमा आवद्ध सदस्यहरुको भेला आयोजना गरियो।

नेपाल पत्रकार महासं कास्कीको हलमा आयोजित भेलाका सहभागीले अवार्ड कार्यक्रमलाई व्यस्थित बनाउदै विगतका वर्षहरुको भन्दा थप आर्कषक बनाउनुपर्ने सुझाब दिए। भेलाले अवार्ड कार्यक्रमलाई भव्य बनाउन सह-संयोजक तथा विभिन्न उपसमिति चयन गरेको छ। जसअनुसार मञ्चका अध्यक्ष दीननाथ बराल संयोजक रहेको मुल आयोजक समितिको सह-संयोजकमा उपाध्यक्ष सुरज श्रेष्ठलाई चयन गरियो।

मञ्चका पूर्व अध्यक्ष विनोद लामिछानेको अध्यक्षतामा प्रतिभा छनोट समिति गठन गर्ने निर्णय



भेलाले गरेको छ। समितिको सह-संयोजकमा सन्देश श्रेष्ठ, सदस्यमा विजय नेपाल र पदेन सदस्यमा मञ्च अध्यक्ष दीननाथ बराल र महासचिव राजाराम पौडेल रहेका छन्। उत्कृष्ट खेल पत्रकार छनोट समितिको संयोजकमा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेललाई चयन गरियो। सो उपसमितिको सदस्यमा नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी र सन्देश श्रेष्ठ रहेका छन्। मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन गरिएको छ। वैदेशिक समन्वय उपसमितिको संयोजकमा पूर्व अध्यक्ष केशव पाठक र सह-संयोजकमा सुर्दशन रञ्जित तथा सदस्यमा उमेश पुन चयन भएका छन्। मञ्चका कोषाध्यक्ष कविता घर्ती मगरको संयोजकत्वमा आर्थिक व्यवस्थापन उपसमिति निर्माण गरिएको छ। जसको सह-संयोजकमा एम वि आस्था मगर र सदस्यमा शशी कुमार पौडेल तोकिएका छन्।

यसैगरी संघ संस्था समन्वय उपसमिति संयोजकमा मञ्चका कार्यसमिति सदस्य नारायण शाही तथा सह-संयोजकमा राजु गिरी चयन भएका छन्। प्रचार प्रसार समितिको संयोजकमा मञ्चका महासचिव राजाराम पौडेल र सह-संयोजकमा मञ्चका सचिव शशी कुमार पौडेललाई चयन गरियो। कार्यक्रम व्यवस्थापन समितिको संयोजकमा मन क्षेत्री तोकिए। यसैगरी सदस्यमा उमा आले मगर र लक्ष्मी जिसी रहेका छन्। भिडियो तथा फोटो व्यवस्थापन उपसमितिको संयोजकमा उमेश पुन तथा सह-संयोजकमा दीपक मुल्मी चयन भए। केही उपसमिति छिट्टै गठन गरिने र उपसमितिलाई पुर्णता दिने जिम्मा संयोजकलाई दिइएको अध्यक्ष बरालले बताए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको भेलाको सञ्चालन महासचिव राजाराम पौडेलले गरेका थिए।

विश्व खेलकुद पत्रकार दिवसको अवसर पारेर पोखरा सभागृह हलमा हुने पोखरा स्पोटर्स अवार्ड कार्यक्रम मार्फत मञ्चले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उदीयमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्नेछ।



वडा अध्यक्ष किरण गुणात्मक शिक्षामा चिन्तितः पोखरा महानगरपालिका वडा नं १३ मा रहेका आठ सामुदायिक विद्यालयका प्रधानाध्यापक हालै वडा नं १३ का अध्यक्ष किरण वरालसँग शिक्षाको वारेमा अध्यक्षको कार्यकक्षमा जुटेका छन्। दिनप्रतिदिन शिक्षाको महत्व बढ्दै गएकोले सामुदायिक विद्यालयको गुणात्मक शिक्षामा सवै एक जुट भएर अगाडि बढ्ने बारे व्यापक छलफल भएको वडा अध्यक्ष वरालले पोखरापत्रलाई बताए। फोटो-पोखरापत्र

# स्थानीय...

समय पार्टी पहिचानको सङ्कटमा परेको र जनतामा सबै पार्टी एउटै हुन् भन्ने परेकाले फरक देखिने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "हामी अहिले पहिचानको क्राइसिसमा छौँ। क्रान्तिकारी, जनयुद्धबाट आएको, जनआन्दोलन, गणतन्त्रका बाहक भनेर कुरामा पहिचान छ तर व्यवहारमा त्यस्तो छैन। जनताले हेर्दा माओवादी, कांग्रेस, एमाले सबै व्यवहारमा उस्तै छन्। अब यसपटक त्यस्तो हुनु हुँदैन।"

अध्यक्ष दाहालले स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टीले दोस्रो स्थान हासिल गर्ने आकलन गरिए पनि प्रभावकारी गठबन्धन नभएकाले आशातित नतिजा प्राप्त नभएको उल्लेख गर्नुभयो। माओवादी प्रभाव भएका कतिपय जिल्लाहरूमा गठबन्धनका दलहरूले तालमेलको मर्मविपरीत एमालेसँग तालमेल गरी माओवादीलाई पराजित गरेकोप्रति असन्तुष्टि जनाउँदै उहाँले यस विषयमा गठबन्धनभित्र समीक्षा गरिने बताउनुभयो।

अध्यक्ष दाहालले अहिलेको सत्तारुढ गठबन्धनलाई आगामी सङ्घ र प्रदेश निर्वाचनमा समेत कायमै राखिने बताउँदै स्थानीय तहमा भन्दा आगामी निर्वाचनमा गठबन्धन गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टी शान्तिपूर्ण प्रतिस्पर्धामा सामेल हुनु संसदीय पक्षधरता होइन भनेर बुझाउनु आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट अघि बढेको हो तर पूँजीवादको सहयात्री होइनौँ। पूँजीवाद भत्काउन र समाजवादको बाटोमा जान तथा समाजवादको आधार तयार गर्ने भन्ने अहिलेको कार्यनीति हो। पूँजीवादलाई बलियो बनाउन शान्तिपूर्ण बाटोमा छैनौँ।"

नेता श्रेष्ठले जनताका आधारभूत आवश्यकता खानेपानी, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका काममा केन्द्रित भएर काम गर्न पार्टीबाट निर्वाचित जनप्रतिनिधिलाई आग्रह गर्नुभयो। सहभागीहरूलाई स्थानीय तह सञ्चालन, कानुन निर्माणलगायत विषयमा संविधानविद् खिमलाल देवकोटालगायतले प्रशिक्षण दिनुभएको पार्टीका प्रदेश अध्यक्ष गायत्री गुरुङले बताउनुभयो। प्रशिक्षण कार्यक्रममा गण्डकी प्रदेशका ११ वटै जिल्लाका पार्टीका जिल्ला संयोजकले स्थानीय तह निर्वाचनका सम्बन्धमा रिपोर्टिङ गर्नुभएको थियो।

# अन्नपूर्ण केबलकारको संचालन समयमा परिवर्तन

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

पोखराको सेदी बगरदेखि सराङकोटसम्म संचालनमा रहेको अन्नपूर्ण केबलकारले सेवा दिँदै आएको समयमा परिवर्तन गरेको जनाएको छ।

सनराइज हेर्न जाने यात्रुलाई लक्षित गर्दै बिहान दिँदै आएको सेवा मौसमका कारण असार १ गतेदेखि भाद्र मसान्तसम्मको लागि स्थगित गरेको केबलकारले जानकारी दिएको छ। बिहान ५ बजेदेखि ९ बजेसम्म सनराइज हेर्न जाने यात्रुलाई लक्षित गरि दिइदै आएको सेवा मात्र वर्षाका कारण मौसममा समस्या देखिएकाले भाद्र मसान्तसम्मका लागि स्थगित गरिएको हो। बिहान ९ बजे पछि भने केबलकार सधैँजस्तै दैनिक संचालनमा रहने पनि सो कम्पनीले जानकारी दिएको छ। मौसम खुलेसँगै केबलकारमा चढेर सनराइज हेर्ने सेवा आगामी असोज १ गतेदेखि पुन संचालनमा आउने बताइएको छ। पर्यटकीय नगरी पोखरा उपत्यकाको पश्चिम उत्तरी भागको फेवा किनारको सेदी बगरबाट अन्नपूर्ण केबलकार चढेर आगन्तुकहरुले खुल्ला मौसममा विभिन्न हिमाली श्रृंखलासँगै सूर्योदयको मनोरम दृश्यको आनन्द लिन पाँउछन्।

अन्नपूर्ण, माछापुच्छे लगायतका हिमाली श्रृंखलाको आनन्द लिँदै केबलकार परिसरबाट पोखरा शहर, फेवाताल, शिव प्रतिमा, विश्व शान्ति स्तुपा लगायतका दृश्य पनि हेर्न सकिन्छ। केवलकारको बटम स्टेशन समुन्द्री तहदेखि ८२४ मिटरको उचाइमा र टप स्टेशन १५२३ मिटर उचाइमा रहेको छ।

केवलकारको माथिल्लो स्टेशनमा भ्यु टावर, गार्डेन, पार्किङ संरचना, रेष्टुरेन्ट, कफी सप, जिप लाइन, स्काइ साइक्लिङ र स्वीङ संचालनमा रहेका छन्। गतवर्ष चैत्र १ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको केबलकार पर्यटकहरुका लागि पोखरामा नयाँ अनुभवसँगै थप एक दिनको गन्तव्य बनेको छ।

# पर्यटन मन्त्रालयद्धारा स्याङ्जालाई छ करोड

पोखरापत्र संवाददाता
स्याङ्जा, २८ जेठ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले स्याङ्जाका लागि झण्डै ६ करोड रुपैयाँ विनियोजन गरेको छ। मन्त्रालयले जिल्लाको पर्यटन क्षेत्रजन्य विकासका लागि आर्थिक वर्ष २०७९/०८० मा खर्च हुने गरी ५ करोड ६१ लाख रुपैयाँ विनियोजन गरेको हो।



जिल्लाका ११ पालिका मध्ये फेदीखोला गाउँपालिका बाहेकका १० स्थानीय तहलाई ५३ योजना कार्यान्वयन गर्न उक्त रकम विनियोजन गरेको छ। विनियोजित बजेटले धाम, मन्दिर र आश्रमको संरक्षण र पूर्वाधार तथा पदमार्ग निर्माणमा विशेष जोड दिए पनि जिल्लाका ठूला पर्यटकीय क्षेत्रलाई समेटेको देखिदैन्। विनियोजित बजेटमा पुतलीबजारमा १३ योजनाका लागि १ करोड ७१ लाख प्रश्ताव गरेको छ। ८ योजनाका लागि कालिगण्डकीमा ७३ लाख र गल्याङ्का लागि ७ योजनामा ५९ लाख प्रश्ताव गरिएको छ। प्रश्तावित बजेटमा वालिङका लागि ७ योजनामा ९८ लाख र बिरुवामा ७ योजनालाई ६० लाख विनियोजन गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार भीरकोटमा ४ योजनाका लागि ३० लाख र अर्जुनचौपारीका लागि ३ योजनामा २३ लाख विनियोजन गरिएको छ। चापाकोट नगरपालिकालाई २ योजना सम्पन्न गर्न १९ लाख, हरिनासमा २ योजनाका लागि १८ लाख र आँधीखोलामा १ योजना सम्पन्न गर्न १० लाख विनियोजन गरिएको छ। प्रशतावित बजेटलाई लिएर पर्यटन क्षेत्र र मन्दिर संरक्षणमा वर्षौ खटेका अगुवा निराश छन्। हामीले "स्थानीय पालिकाबाट सिफारिस मार्फत अगाडी बढाएको योजनालाई बजेट माग गर्दा मन्त्रालयले सम्बोधन गरेन्।" जिल्लाकै ठूलो धार्मिक पर्यटक क्षेत्र छायाँक्षेत्र शिब मन्दिर छाङ्छाङ्दीका अध्यक्ष पिताम्बर श्रेष्ठले भने, "विगतमा बजेटले सम्बोधन गरेर शुरु भएका पर्यटकीय क्षेत्रका योजनाहरु आउँदो वर्षदेखि अलपत्र हुने भए।" स्थानीयको पहलमा शुरु भएका छायाँक्षेत्र, सिरुबारी, आमलदेबी, सुन्तलाबारी, गैह्रौसुर, रामडाँडा, चण्डीस्थान, स्वरेक, नुवाकोट, थाप्ले, बाहुनथान लगाएतका पर्यटकीय क्षेत्रमा बजेट विनियोजन गरिएको छैन्। आन्तरिक तथा बाह्यि पर्यटकको आगमनबाट आम्दानी लिन सक्ने पर्यटकीय क्षेत्रमा बजेटले सम्बोधन गरेको स्थानीयको भनाई छ। आम्दानी लिनसक्ने योजनालाई बजेटले सम्बोधन गर्नुपर्ने उनीहरुको माग छ। प्रदेश र पालिकाले थेग्न नसक्ने पर्यटकीय क्षेत्रका विकासमा मन्त्रालयले बजेट विनियोजन गर्नुको सट्टा साना र फुटकर योजनामा बजेट दिएको भन्दै स्थानीयले आपत्ति जनाएका छन्। संघीय सरकारले ठूला योजना अगाडी बढाउनु भन्दा ससाना योजनामा बजेट दिएर रमिता देखाएको उनीहरुको भनाई छ। "फुटकर र साना योजनालाई त प्रदेश र स्थानीय तहले तत्काल बजेट व्यवस्थापन गर्थे।" सिरुबारी पर्यटन विकास समितिका अध्यक्ष जुम गुरुङले भने, "संघले ठूला तथा प्रदेश र स्थानीयले साना योजनाहरु अगाडी बढाउनुको साटो बजेटको आकार हेर्दा साना योजनालाई समेत संघले लिएको देखिन्छ।" साना योजनाहरु तल्लो तहबाटै सम्बोधन हुने भएकाले संघीय सरकार मार्फत ठूला योजना मात्रै अगाडी बढाउन उनले माग गरे।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने : शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# चाँडै समीक्षा गरेर अगाडि बढ

सरकारले जे भन्छ त्यो गर्दैन । जे गर्छ त्यो भन्दैन । नयाँ शैक्षिक शत्र शुरु भएपछि विद्यार्थीलाई पाठ्यपुस्तक पुऱ्याउने काम हुन सकेको छैन । प्रतिनिधिसभा र राष्ट्रिय सभा बैठकमा दुर्गममा किताब नपुगेको कुरा चर्को रुपमा उठ्ने गरेको छ । शिक्षामन्त्रीले सदनमा पाठ्यपुस्तक नपुगेको कुरा सुनेर पनि नसुने झैं गरेका छन । सरकारले निशुल्क शिक्षा दिने दायित्वबाट पन्छिन खोज्दैछ भन्नेमा अझैसम्म किताब नपुऱ्याउनु हो । सरकारले किताब छाप्ने र पठाउने जिम्मा जनकलाई नै दिएको छ। वर्षैपिच्छे जनक शिक्षाले किताब छाप्न लापरबाही गरिरहेको छ । सरकारले चासो नदिदा ढिलासुस्ती गर्नेलाई हाइसञ्चो भएको छ ।

शिक्षामन्त्री देखि यसका कुनै जिम्मेवार अधिकारीलाई अहिलेसम्म कारबाही भएको छैन । कारबाही त ती निरपराध विद्यार्थीमाथि किताब उपलब्ध नगराएर भइरहेको छ । सरकारको पाठ्यपुस्तक छपाइ र वितरणमा जनक शिक्षालाई सुम्पेको छ । त्यसैले उसले प्रत्येक वर्ष विभिन्न बहाना बनाउँदै बेलामा किताब पुऱ्याउँदैन । कागज बेलामा आइपुगेन भन्ने यसपालिको बहाना छ। झन् ठूलो बहाना कोभिड भइहाल्यो । कोभिड त विश्वभर नै आएको थियो, जनक शिक्षा सामग्री केन्द्रको कागज ल्याउनमात्रै त कोभिडले असर नपुऱ्याएको हुनुपर्ने । अल्क्षीले विभिन्न बहानाबाजीले गर्दा यो केन्द्रमा कमिसनको चक्कर छ भन्ने आरोपलाई मलजलमात्रै गरेको छ । जनक शिक्षाले कागज पाइएन भनेर किताब बेलामा नछापेको यसपालिमात्रै भए पो कोभिडको कारण रहेछ भनेर पत्याउनु ।

सधैं उस्तै छ उसको व्यवहार । त्यस हिसाबले उसको नियतमै खोट छ भन्ने ठाउँ देखिन्छ । बदनियत नभई सधैं यस्तो हाहाकार हुँदैन किताबको । किताब नपाएकैले शिक्षकले राम्ररी पढाउन पाएका छैनन् । कनीकुथी नोट लेखाइदिने गरेका छन् । त्यसकै भरमा विद्यार्थीले परीक्षा दिनुपर्ने बाध्यता छ। दुर्गममा मात्रै होइन नयाँ शैक्षिक सत्र सुरु भएको दुई महिना हुन लाग्दा सहरी क्षेत्रका सबै विद्यार्थीले पनि पाठ्यपुस्तक पाएका छैनन् । यो भन्दा विडम्बना केही छैन । पढ्न जाने सबै सरकारी विध्यालयका छात्र छात्रालाई समयमै किताब छाप्नै पर्छ भन्ने जनक शिक्षालाई थाहा पहिल्यै छ । किताब छाप्न कागज चाहिन्छ भन्ने पनि थाहा छ ।

तर बेलामा काम गर्दा अनेक बहानामा कागजलगायतको मूल्य हेराफेरी गर्न पाइन्न भन्ने नियत रहेको यसअघिका कतिपय छानबिन समितिकै सदस्यहरूले बताएका छन् । त्यही आरोपलाई यसपालि पनि किताबमा ढिलाइ गरेर पुनर्पुष्टि गर्ने काम भएको छ । यस्तोमा सरकारले छानबिन गरी दोषीलाई कारबाही नगरेसम्म सुधार हुन सक्दैन । किताब पनि दिन नसक्ने सरकार भएपछि निःशुल्क शिक्षाको नारा पनि फगत नारामै सीमित हुन्छ। सरकारले आफ्नो दायित्व बोध गरेर कुरा काट्ने होइन काम गरेर देखाउन सकेमात्र जनतप्रतिको भुमिका निर्वाह गरेको देखाउँछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मन चञ्चल |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङका रेष्टुराँ र शो-रुममा निःशुल्क शौचालय

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ जेठ**

बजार क्षेत्रमा सार्वजनिक शौचालय नहुँदा समस्या बढेपछि यहाँका रेष्टुराँ र शो-रुमका शौचालयलाई सार्वजनिक प्रयोगमा ल्याउन थालिएको छ ।

होन्डा नेपालको शो-रुमले सर्वसाधारणका लागि निःशुल्क शौचालय सेवा सुरु गरेको केही दिनमै सदरमुकामस्थित वल्ड हाउस क्याफे एन्ड लाउन्जले शुक्रबारदेखि निःशुल्क शौचालय उपलब्ध गराएको हो । क्याफेको अघि सडक छेउ निःशुल्क शौचालय सेवा लेखेर सङ्केत पाटी सेवा सुरु गरिएको क्याफे व्यवस्थापनले जनाएको छ । क्याफेका सञ्चालक सञ्जय खड्काले बजारमा हिँड्डुल गर्ने जो कोहीले पनि क्याफेमा रहेको शौचालय प्रयोग गर्न सक्ने बताउनुभयो । "हुन त पहिले पनि बाहिरी मान्छे आउँदा शौचालयमा त्यस्तो रोकतोक थिएन, अहिले सबैलाई सहज होस् भनेर बोर्ड नै राखेर जानकारी दिएका हौं," उहाँले भन्नुभयो, "हामीले सुरु गरिसकेपछि बजारका अरू पनि प्रेरित होलान् कि भन्ने लागेको छ ।" सञ्चालक खड्काले बजारमा ओहोरदोहोर गर्ने सर्वसाधारणले सार्वजनिक शौचालय नहुँदा समस्या झेलिरहेकाले आफू निःशुल्क शौचालय सेवा दिने सोचमा पुगेको उल्लेख गर्नुभयो । उहाँले सदरमुकाममा एउटा पनि सार्वजनिक शौचालय नहुनु दुःखद रहेको टिप्पणी गर्नुभयो ।

होन्डाको शो-रुम सञ्चालन गरिरहेको यादव ब्रदर्सले बागलुङ नगरपालिका-२ पुरानो बसपार्कमा यसअघि नै सार्वजनिक शौचालय सेवा सुरु गरिसकेको थियो । काठमाडौँ महानगरपालिकाका नवनिर्वाचित प्रमुख बालेन्द्र शाहले होटल, रेष्टुराँलगायत व्यावसायिकस्थलकाशौचालयलाई सार्वजनिक प्रयोगमा ल्याउने घोषणा गरेसँगै होन्डा नेपालले देशभरका शो-रुमहरुमा निःशुल्क शौचालय सेवा दिने घोषणा गरेको थियो ।

कम्पनीले 'परिवर्तन सुरु हुन्छ हामीबाट' भन्दै निःशुल्क शौचालय सेवा सुरु गरेको हो । यहाँको यादव ब्रदर्सले भने 'जिम्मेवार नेपाली म' भन्ने आदर्श वाक्यसहित आफ्नो शो-रुमको शौचालयलाई सार्वजनिक प्रयोगमा ल्याएको छ । बिस्तारै निजी क्षेत्रका अरू व्यावसायिक सङ्घसंस्थाले पनि सार्वजनिक शौचालयको अवधारणमा सघाउने विश्वास लिइएको छ । बढ्दो आवादी र तीव्र बजारीकरणका बीच यहाँ सार्वजनिक शौचालयको अभाव खड्किएको छ। बागलुङ नगरपालिकाले सदरमुकामको समीक्षालयरोडमा केही वर्षअघि बनाएको सार्वजनिक शौचालय प्रयोगमा नआई जीर्ण बनेको छ । सार्वजनिक शौचालय नहुँदा सबैभन्दा बढी गाउँबाट झर्ने सर्वसाधारणलाई सास्ती छ ।

# बर्खा नलाग्दै लमजुङमा धान रोपाइँ सुरु

**पोखरापत्र संवाददाता**
**लमजुङ, २८ जेठ**

पहाडी जिल्ला लमजुङमा बर्खा नलाग्दै बर्खे धान रोपाइँ सुरु भएको छ । जिल्लामा मकै बाली भित्र्याएसँगै केही दिन अघिबाट उच्चपहाडी क्षेत्र एक हजार ६०० मिटर उचाइमा धान रोप्न सुरु गरिएको हो ।

चाँडै मकै पाकेका ठाउँ र पानी पर्याप्त भइसकेको ठाउँहरुमा धान रोप्न सुरु भइसकेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी मदन रेग्मीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्ष पानी परिरहेकाले अब केही दिनपछि त जिल्लाका अधिकांश ठाउँहरुमा रोपाइँ धमाधम हुनेछ । मर्स्याङ्दी गाउँपालिका-५ घेर्मुफाँटमा यतिबेला धमाधम धान रोपाइँ भइरहेको छ । यहाँ किसानले समूह बनाएर धान रोपाइँ गरिरहेका छन् । स्थानीयवासीले घेर्मुफाँटमा जौधान, मार्सी, झिनुवा, एक्ले जातको धान लगाउने गरेका छन् । त्यस्तै सञ्चारकर्मीसमेत रहनुभएका मध्यनेपाल नगरपालिकाका किसान सङ्गीत नेपालीका अनुसार मध्यनेपालका रिस्ती, भोर्लेटार फाँटलगायत पानी भएको ठाउँहरुमा रोपाइँ सुरु भएको छ । जिल्लाका केही ठाउँहरुमा रोपाइँका लागि तीव्र तयारी भइरहेको छ । बैंसीसहर नगरपालिका-११ रामचोकबैंसीमा रोपाइँका लागि आली ताँस्ने, भित्ता सफा गर्ने, बाजो जमिन जोत्नेलगायत कार्य भइरहेको स्थानीयवासी ईश्वर सेढाईंले बताउनुभयो । उहाँले भन्नुभयो, "अब यी कामहरु सकेपछि यहाँका किसानले केही दिनपछि रोपाइँ सुरु गर्नेछन् । मर्स्याङ्दी गाउँपालिका-८ घाम्राङका बासिन्दा गमप्रसाद गुरुङले भन्नुभयो, "पानी परिरहेको र अब आउने बिहीबारदेखि यहाँका स्थानीयवासीले रोपाइँ सुरु गर्न लागेका छन् । जिल्लामा ठूला-ठूला फाँटहरु रामचोकबैंसी, राइनासटार, धमिलिकुवाँ, चक्रतीर्थ, भलाखर्क, भोर्लेटार, दुईपिप्ले, सोतिपसल, परेवाडाँडा, सत्रसय, सुन्दरबजारलगायत स्थानमा चाँडै गहुँ, जौ तथा मकै पाक्ने ठाउँमा चाँडै रोपाइँ सुरु भएको उक्त केन्द्रले जनाएको छ । जिल्लाका ४५ हजार ५० हेक्टर खेतीयोग्य जमिनमध्ये १५ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा धानखेती हुँदै आएको छ । जिल्लाका किसानले सावित्री, जेठोबुढो, रामधान, सुनौलो सुगन्ध, लोकतन्त्र, एक्लेजस्ता उन्नत जातका धानलगायत मकवानपुर, गोरखनाथ, लोकनाथ, मनसुली, युएस ३१२, उपज, वर्षे तीन हजार चारलगायत हाइब्रिड जातको धान लगाउँदै आएका छन् । त्यस्तै कम पानी हुने ठाउँमा सुक्खा-१, सुक्खा-२ र सुक्खा-३ जातका धान लगाउने गरेका छन् । गत वर्ष १४ हजार २६० हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीबाट ४४ हजार ७७६ मेट्रिक टन धान उत्पादन भएको थियो ।


**रक्तदान**
**जीवनदान**


# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको फुटसल प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ जेठ**




बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले आफ्ना व्यवसायी बिच दशौं आन्तरिक फुटसल प्रतियोगिता आयोजना गरेको छ ।

पाँच टिम सहभागी रहेको फुटसल प्रतियोगितामा विशाल श्रेष्ठको टिम प्रथम हुदै नगद पन्ध्र हजार सहित सिल्ड,मेडल र प्रमाणपत्र प्राप्तगरेको थियो भने सन्जय बुढाथोकीको टिम द्वितीय हुदै नगद दश हजार सहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने उत्कृष्टखेलाडीको उपाधि रोशन नेप्कुलले प्राप्त गरेका थिए ।

यस अघि कार्यक्रमको उद्घाटन गर्दे प्रमुख अतिथि पोखरा महानगरपालिका ४ का नव निर्वाचित वडा अध्यक्ष देवकृष्ण पराजुलीलेव्यवसायी साथीहरूका समस्या समाधान गर्न आफु प्रतिवद्ध रहेको बताउदै बुद्ध विशाल बजार व्यापारिक एशोसियसन आज जुन सम्मानआफुलाई गरेको छ यसले आफुलाई थप जिम्मेवारी महसुस भएको बताए । कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीले पोखराको महेन्द्रपुल, पालिखेचोकमा पार्किङको समस्या रहेकोले सहजिकरण गरिदिन पोखरा ४ का वडाअध्यक्ष पराजुलीलाई आग्रह गर्दे बुद्ध विशाल बजार व्यापारिक एशोसियसनलेव्यवसायी विचआत्मीयताबढोसभनेरबिगतका वर्षहरूमा वार्षिक रूपमा फुटसल प्रतियोगिता आयोजना गरिरहेको भए पनि गत दुई वर्षकोभिडको कारण रोकिएको बताउदै आगामी वर्षहरूमा यस प्रतियोगितालाई निरन्तरता दिने बताए । कार्यक्रममा सर्वेश्वर ब्यवसायी समितिका अध्यक्ष बालकृष्ण भण्डारी बगर कल्याणकारी ब्यवसायी समितिका अध्यक्ष विष्णु वास्तोलाफेन्सी तथा रेडिमेड ब्यवसायी संघका अध्यक्ष राजु पौडेल लगाएतले कार्यक्रमको सफल्ताको कामना गरेका थिए ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशवबहादुर खत्रीको सभापतित्वमा भएको कार्यक्रमको सन्चालन बुद्ध विशालबजार व्यापारिक एशोसियसनका महासचिव बुद्धी बहादुर कुवरले गरेका थिए भने उपाध्यक्ष ईन्द्रराज अर्यालले स्वागत र धन्यवाद ज्ञापनकोषाध्यक्ष तथा कार्यक्रम संयोजक थमनसिह गुरूङले गरेका थिए ।

# बेगखोलामा झोलुङ्गे पुल निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ जेठ**

बर्खामा बाढी आएर आवतजावतनै बन्द हुने म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेगखोलामा झोलुङ्गे पुल निर्माण भएको छ ।

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङ जोड्ने बेनी-जोमसोम सडकअन्तर्गत बेगखोलामा बाढी आउँदा आवतजावत आवरुद्ध हुने र जोखिमपुर्ण यात्रा गर्नुपर्ने समस्या हटाउन झोलुङ्गे पुल बनाइएको हो । पूर्वाधार विकास कार्यालयले ठेक्कामार्फत ८० मिटर लामो झोलुङ्गे पुल निर्माण गरिएको जनाएको छ । कार्यालयका निमित्त प्रमुख गुरुदत्त अधिकारीले २०७८ कात्तिकमा करसहित रु २९ लाख ३८ हजारमा ठेक्का सम्झौता गरेको हिमशिखर कन्ट्रक्सनले पुल निर्माण सम्पन्न गरेको जानकारी दिनुभयो । सरकारले उपलब्ध गराएको लठ्ठा र बुल्डअफ ग्रिपबाहेक रु ३५ लाख ८३ हजार २५८ लागत अनुमान गरिएको थियो । २०७९ असार १५ गतेभित्र सम्पन्न गर्ने सम्झौता भए पनि करिब एक महिनाअघिनै काम सकिएको निर्माण कम्पनीका प्रतिनिधि शिव माझीले बताउनुभयो । विसं २०७३ भदौ १७ गतेको बाढीले बेलिब्रिज र झोलुङ्गे पुलसहित बेगखोलामा ११ वटा घर बगाएको थियो । एक जना बेपत्ता भएका थिए । मोटरेबल र झोलङ्गे पुल नहुँदा बर्खायाममा पैदलयात्रु र सवारी साधन जोखिम मोलेर आवतजावत गर्नुपर्ने समस्या थियो । यसैगरी सडक विभागको पुल महाशाखाले बेगखोलामा ११ मिटर चौडाइ र ७० मिटर लामो मोटर चल्न पुल निर्माण थालेको छ । पुल निर्माणका लागि विसं २०७८ असार २९ गते बिओकेआइ/हिमालयन जेभीसँग भ्याटसहित रु आठ करोड ३० लाख ६८ लाख ४७३ मा ठेक्का सम्झौता गरेको थियो ।

पुलको डिजाइन निर्माण व्यवसायीले आफैं डिजाइन र निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको हो । विसं २०८० चैत २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्ने लक्ष्य छ । हालसम्म तिप्ल्याङतर्फ र बीचको दुई वटा पिल्लर ठडाइसकेको छ ।

# पर्वतारोहण सङ्घको अध्यक्षमा निमा नुरु शेर्पा निर्वाचित

**रासस**
**काठमाडौं, २८ जेठ**

नेपाल पर्वतारोहण सङ्घको अध्यक्षमा निमा नुरु शेर्पा निर्वाचित हुनुभएको छ ।

गए राति सम्पन्न अन्तिम मत परिणाम अनुसार शेर्पाले ७३५ मत ल्याएर विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी राजेन्द्रमान श्रेष्ठले १२२ मत ल्याउनुभएको थियो ।

सङ्घको उपाध्यक्षमा ठाकुरराज पाण्डे ४२८ मत ल्याएर निर्वाचित हुनुभएको छ । उपाध्यक्षका अर्का प्रतिस्पर्धी माया शेर्पाले ४२३ मत ल्याउनुभएको छ । प्रथम उपाध्यक्षमा आङ दावा शेर्पा, द्धितीय उपाध्यक्षमा दावा जाङ्बु शेर्पा निर्वाचित हुनुभएको छ ।

यसैगरी महासचिवमा मोहन लम्साल ४८९ मतका साथ विजयी हुनुभएको छ । महासचिवका अर्का प्रत्यासी आङ पेम्बा शेर्पाले ३२३ मत प्राप्त गर्नुभएको छ । सचिवमा धनबहादुर गुरुङ र कोषाध्यक्षमा मुक्ति पाण्डे निर्वाचित हुनुभएको छ । यस्तै सदस्यमा आङदावा शेर्पा, हिसखद गुरुङ, सिंगी लामा, पिताम्बर गुरुङ, राजेन्द्रबहादुर लामा, रामचन्द्र धमला, नम्ग्याल जाङ्बु शेर्पा, पाशाङदावा शेर्पा र दिनेश तामाङ निर्वाचित हुनुभएको छ । नयाँ नेतृत्व चयनका लागि शुक्रबार प्रज्ञा भवनमा बिहान ८ बजेदेखि सुरु भएको मतदान साँझ ५ बजेसम्म चलेको थियो । सङ्घको दुई हजार ४९ सदस्यमध्ये नवीकरण भएका कूल एक हजार २१५ मतदाता रहेका थिए । अध्यक्षसहित पदाधिकारी र सदस्य गरी २७ सदस्यीय कार्यसमितिका लागि निर्वाचन भएको सङ्घले जनाएको छ ।

# भासिएको सडक एकतर्फीमात्रै सञ्चालन

**रासस**
**दमौली, २८ जेठ**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-४ पावरहाउस नजिक सडक भासिएको ठाउँबाट सबै सवारीसाधन सञ्चालन गरिएको छ ।

सडक भासिएको ठाउँको कुनापट्टि भित्ता खन्ने काम जारी रहँदा आजदेखि सबै खाले सवारी सञ्चालन गरिएको हो । उक्त खण्डमा एकतर्फीरूपमा सवारी सञ्चालन गराइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो । रातिको समयमा जोखिम हुने भएकाले शुक्रबार राति ७ बजेदेखि आज बिहान ६ बजेसम्म सडक बन्द गरेर काम गरिएको थियो । "साना तथा ठूला सबै गाडी चलेका छन्, काम हुँदै गर्दा केही समय रोकेर सवारी पठाउने गरिएकाले केही समय जाम हुने गरेको छ", उहाँले भन्नुभयो । सवारीसाधनको चाप रहेको र एकतर्फी सवारी सञ्चालन हुँदा पृथ्वीराजमार्गको आँबुखैरेनी-डुम्रे खण्डमा सवारीको जाम हुने गरेको छ । केही दिनदेखि परेको निरन्तर वर्षाका कारण पृथ्वीराजमार्गको तनहुँ खण्डका विभिन्न ठाउँमा सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा सर्वसाधारणले कष्टकर यात्रा गर्नुपरेको छ । मुग्लिङ-पोखरा सडकखण्ड विस्तारका क्रममा सडक खन्दा विभिन्न ठाउँमा सडक हिलाम्मे भएपछि सवारी फस्ने गरेका छन् । तनहुँ खण्डका आँबुखैरेनी, डुम्रे, छिर्कने, घाँसीकुवा, म्याग्दे, दुलेगौडालगायतका ठाउँमा सडक बिग्रिएर खाल्डाखुल्डी हुँदा घाम लाग्दा धुलो र पानी पर्दा हिलोको समस्या हुने गरेको छ ।

